# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष १, अङ्क ९, पौष २०७७
www.ntv.org.np

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७७ साल पौष महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको नवौं अंक हो ।

**यो अंकमा:**

- प्रशासनः कोरोना बीमा दावीको काम
- समाचारः पुनर्निमाणको समाचार प्राथमिकता
- कार्यक्रमः नियमित कार्यक्रमसँगै नविन निर्माण
- एनटिभी प्लसः प्रसारणमा आन्तरिक निर्माण र बाह्य उत्पादनको प्रयास
- व्यापारः उत्साहप्रद सम्झौता र व्यापारिक आम्दानी
- अपरेशनः छायाङ्कन, ध्वनि तथा दृश्य सम्पादन शाखाको सक्रियता
- आर्थिक प्रशासन महाशाखाः प्रशासन महाशाखाः कर्मचारी र संस्थान सम्वद्ध काम
- योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्वन्धः विविध परियोजना र कार्ययोजनाको काम
- एनटिभी कोहलपुरः मुख्यमन्त्री एनटिभी कोहलपुरमा
- एनटिभी इटहरीः स्थानीय सरकारसँग सहकार्य

## कोरोना बीमा दावीको काम

कोरोना भाइरस कोभिड-१९ को संक्रमणबाट जोगिदै संस्थान भित्र र सम्वन्धित रही काम गर्नेहरुको स्वास्थ्य सुरक्षाका लागि अपनाउनु पर्ने उपायहरुमा नेपाल टेलिभिजन संस्थानले विगतका महिनाहरुमा जस्तै पुष महिनामा पनि उत्तिकै जोड दिएको छ । कोरोनाको संक्रमणबाट बच्दै नियमित कार्यमा खटिइरहेका पत्रकार एवम् कर्मचारीहरुको सुरक्षासंगै भाइरसको संक्रमण पुष्टि भएर उपचार र निश्चित समयावधिको आइसोलेशन बसाईं पछि निको भएर  काममा फर्किएका पत्रकार कर्मचारीहरुको बीमा दावी प्रक्रिया अघि बढाइएको छ । सम्वन्धित राष्ट्रिय बीमा कम्पनी लिमिटेडमा दावी गरि हालसम्म एक जना कर्मचारीको बीमा दावी रकम प्राप्त भइसकेको छ । अन्यको बीमा दावीको प्रक्रिया जारी रहेको छ ।

संस्थानको मातहतमा रहेका पूराना भई काम नलाग्ने अवस्थामा पुगेका बा१ज १३१६, १६१०, २०२६ र २०२७ नम्बरका पूराना सवारी साधनको लिलाम बिक्रीका लागि बोलपत्र आव्हान भई प्रक्रिया अगाडि बढाइएकोमा बोलपत्र खोली मूल्यांकन प्रक्रियामा रहेको छ । यसैगरी कार्यकारी अध्यक्षज्यू, महाप्रबन्धकज्यूको कार्यकक्ष, बैठक कक्ष तथा समाचार कक्षलाई स्तरोन्नति गर्ने कार्य बोलपत्र मार्फत भइरहेकोमा अन्तिम चरणमा पुगेको छ ।



## पुनर्निमाणको समाचार प्राथमिकतामा

२०७२ साल बैशाख १२ गते गतेको भुकम्पका कारण क्षति भएका व्यक्तिगत र सार्वजनिक भवनहरुको पुनर्निर्माण कारय तिव्र गतिमा भइरहेको छ । यसैगरी भुकम्पले क्षति पुर्याएका साँस्कृतिक एवम् पुरातात्विक र सामरिक महत्वका स्थानहरुको पुनर्निर्माण पनि उत्तिकै रफ्तारमा अघि बढेको छ । सरकार र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सक्रियतामा भइरहेका यी कामहरुमा नेपाल टेलिभिजनले पनि समाचार, समाचारमुलक कार्यक्रम र अन्तर्वार्ताहरु मार्फत सूचना संप्रेषण गरेर सघाइरहेको छ । हरेक बर्ष माघ २ गतेलाई राष्ट्रिय भुकम्प सुरक्षा दिवस मनाउने गरिएको सन्दर्भमा समाचार च्यानलले पुष महिनामा भुकम्पीय जोखिम, त्यसको न्यूनिकरण र पुनर्निर्माण सम्वन्धमा समाचार एवम् समाचारमूलक कार्यक्रमहरु निर्माण गर्यो ।

## समसामयिक वियवस्तु केन्द्रित समाचार




विगतका महिनाहरुमा जस्तै नेपाल टेलिभिजनको समाचार च्यानलबाट पुष महिनामा पनि जनचासोका विभिन्न विषयका समाचार र समाचारमूलक सामग्रीहरु प्रसारण भएको छ । विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय महत्वका घटनाक्रमहरुको सूचना र समाचार प्रस्तुती पुष महिनामा पनि समाचार च्यानलका प्राथमिकता बने । सरकारका नीति तथा योजनाहरु बारे यथार्थ जानकारी संप्रेषण गरी आमनागरिकलाई सुसूचित गराउने राष्ट्रिय च्यानलको दायित्वबोधले विगतमा झै निरन्तरता पाएको छ । यसले समाचार च्यानल र नेपाल टेलिभिजनलाई समग्रमै सरकारको सहयोगी पनि बनाइरहेको छ । विकास निर्माण र ती संग जोडिएका जनताको सरोकार, नीति निर्माण र त्यसको कार्यान्वयन, विकासका प्रतिफल र जोखिमको मूल्याङ्कन यी सबैमा समाचारले सरोकारवालाहरुसंग जोडिएर सूचना दिइरहेको छ ।

त्यस्तैगरी स्वास्थ्य महामारीको संकट बनिरहेको कोरोनाभाइरसको प्रभाव र त्यसलाई न्युनिकरण गर्दै स्वास्थ्य सतर्कता सहित सबै क्षेत्रहरु पूर्ववत् रुपमा सञ्चालनमा ल्याउने वातावरणको निर्माणका लागि सचेतनामुलक समाचार सामग्री र कार्यक्रमहरु पनि निर्माण भए । यसैगरी कोभिड संक्रमणको अवस्थाबारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको दैनिक अद्यावधिक विवरण र त्यससंग सम्वन्धित समाचारहरु प्रसारण गरी जोखिमको अवस्था र सरकारका निर्देशन एवम् आग्रहहरुलाई आमनागरिक सम्म समाचारका रुपमा पुऱ्याउने गरेको छ ।




सरकारका प्रवक्ताले गर्नुहुने पत्रकार सम्मेलन, मन्त्रिपरिषद्का निर्णय सार्वजनिक, सरकार प्रमुखका तर्फबाट हुने सम्वोधन लगायतको प्रत्यक्ष प्रसारण संगै समाचार बुलेटिनहरुमा पनि प्रसारण भएका छन् ।।

## नियमित कार्यक्रमसँगै नविन निर्माण

नेपाल टेलिभिजन, कार्यक्रम महाशाखामा यो महिनाबाट शिक्षाको चौतारी नामक नयाँ कार्यक्रम उत्पादन र प्रसारण शुरु भयो । यो कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा मानव स्रोत विकास केन्द्रको सहकार्यमा निर्माण भइरहेको छ ।

अन्य नियमित कार्यक्रमहरु निर्वाध रुपमा संचालन भइरहेका छन् । संघर्ष, जनस्वास्थ्य बहस, परीक्षा सवाल, हाम्रो उच्च शिक्षा, कोभिड हटलाइन, समृद्ध नेपाल लगायतका कार्यक्रमहरु निर्माण तथा प्रसारण भए ।

नेपाल टेलिभिजनको मेगा सिंगिङ रियालिटी शो नेपाल स्टारको निर्माण तथा प्रसारणले यो महिना पनि निरन्तरता पायो ।




सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रहरु पनि यो महिना प्रसारण भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथली भाषाको चौवटीया कार्यक्रमहरु प्रसारण भए ।



आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद र विशेष संवादहरु निर्माण गर्दै आएको छ ।




यसका साथै जनचेतामुलक सन्देशहरु निर्माण जस्ता महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । प्रधानमन्त्रीको सम्बोधन, मन्त्रिपरिषद् बैठकको निर्णय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस ब्रिफिङ, त्रिभुवन विश्वविद्यालयको ४६ औं दिक्षान्त समारोह लगायत विभिन्न महत्वपूर्ण घटनाक्रमहरुको प्रत्यक्ष प्रसारण पनि टेलिभिजनले यो महिनामा गरेको छ ।

## प्रसारणमा आन्तरिक निर्माण र बाह्य उत्पादनको प्रयास




कार्तिक महिनामा एनटिभी प्लसका आन्तरिक उत्पादनमा नयाँ नयाँ कार्यक्रमहरुको निर्माण संगै पुराना वृत्तचित्र, गीतहरु, भजन, फिलरहरुको उत्पादन र प्रसारण भएको छ । यसक्रममा स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र र नेपाल टेलिभिजनबीच भएको सम्झौता अनुसार एनटिभी प्लसबाट दैनिक बिहान ७ बजे देखि ८ बजेसम्म प्रसारण भैरहेको स्वस्थ्य जीवन कार्यक्रम पौष महिनामा २९ भाग प्रसारण भयो ।

यसैगरी कृषि अनुसन्धान परिषद् र नेपाल टेलिभिजनबीच भएको सम्झौता अनुरुप कृषि अनुसन्धान र प्रविधी नामक कार्यक्रम जम्मा ४ वटा प्रसारण भएको छ ।

अमेरिकी प्रसारण संस्था ‘भ्वाइस अफ अमेरिका (VOA)’ संगको सहकार्यमा प्रसारण हुदै आएको कार्यक्रम ४ वटा प्रसारण भयो । यसैगरी करिब १० वटा स्वास्थ्य सम्बन्धि नयाँ जनचेतना मुलक सन्देश (PSA) हरु निर्माण भै प्रसारण भैरहेको छ ।

यी अतिरिक्त आन्तरिक कार्यक्रम Trail Blazer छायाङ्कन गरी ४ वटा भाग प्रसारण भएको छ । साथै आन्तरिक कार्यक्रम सुर साधना छायांकन भै जम्मा ४ वटा प्रसारण भएको छ ।

आन्तरिक कार्यक्रम Beauty Pagentछायाङ्कन भै यो महिना ५ वटा भाग प्रसारण भएको छ । आन्तरिक कार्यक्रम अन्तरध्वनि ४ वटा भाग प्रसारण भयो । सातामा ५ दिन प्रासारण हुने कार्यक्रम वर्ल्ड स्पोर्ट्स २१ ओटा भाग प्रसारण गरिएको छ भने NSJF Pulsar Sports Award एक वटा प्रत्यक्ष प्रसारण भएको छ । बाहिरबाट निर्माण भै आउने दैनिक तथा साप्ताहिक कार्यक्रमहरु ९४ वटा प्रसारण भएका छन् । यस्ता कार्यक्रमहरुमा समृद्धिको बाटोमा, प्रवर्धन, Clap Board, बाल सरोकार, दिगो बहस / सक्छिन छोरी, Business Hour, Youth TV Show, हास्य शृङ्खला अति भो, Sports Magazine, पोखरामा भैरहेको रियालिटी शो Nepal Golden Idol सहित बाहिर बाट निर्माण भै आउने पटके कार्यक्रम तथा वृत्तचित्रहरु जम्मा ४ ओटा प्रसारण भएको छ । यसरी पुष महिनामा नयाँ कार्यक्रम, वृत्तचित्र र PSA गरी कुल १८३ वटा प्रसारण भयो ।

## उत्साहप्रद सम्झौता र व्यापारिक आम्दानी

नेपाल टेलिभिजनले आर्थिक बर्ष २०७७/०७८ को पहिलो ६ महिनामा नै यस बर्षका लागि तोकिएको लक्ष्य भन्दा६ करोड ५ लाख १४ हजार १९७ रुपैंया बढि सम्झौता सम्पन्न गरेको छ । पछिल्ला व्यापारिक सम्झौताहरुले नेपाल टेलिभिजनको सम्बन्ध सरकारी स्तरमा मात्र नभइ निजी क्षेत्रमा समेत बलियो बन्दै गएको देखिएको छ ।



यसैगरी विज्ञापन एजेन्सीहरु संगको सहकार्यमा नेपालका विभिन्न पर्यटकीय स्थलहरुको विगतको रहन सहन तथा संस्कृति र वर्तमानमा आएको परिवर्तनको विषयमा हास्य श्रृंखलाका रुपमा प्रस्तुत गर्ने गरी हरेक विहिबार बेलुकी ७.०० बजे नेपाल टेलिभिजनमा चार दुना नौ नामको टेलिश्रृंखला प्रसारण गर्ने गरी सम्झौता सम्पन्न भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग,वातावरण विभाग र शिक्षा तथा मानव श्रोत विकास केन्द्र संग पनि सहकार्यका लागि सम्झौता सम्पन्न भएको छ । हालसम्म भइरहेका सम्झौता र प्राप्त व्यापारिक प्रतिफलको मूल्याङ्कन गर्दा चालु आर्थिक बर्ष २०७७/०७८ मा नेपाल टेलिभिजनको ब्यापारिक सम्झौता हालसम्मकै धेरै हुने अनुमान गर्न सकिन्छ ।





यसका अतिरिक्त नेपाल टेलिभिजनको ब्यापारिक सहकार्य बृद्धिका लागि विभिन्न सरकारी निकाय तथा निजी क्षेत्र संग निरन्तर ब्यापारिक छलफल र सम्वन्ध अभिवृद्धिको प्रयास भईरहको छ । यसै सन्दर्भमा नेपाल विज्ञापन संघको साधारणसभाबाट श्री सोम प्रसाद धितालको अध्यक्षतामा नवनिर्वाचित कार्यसमितिलाई संस्थानमा एक कार्यक्रमको आयोजना गरी बधाई तथा शुभकामना प्रदान गर्ने काम गरिएको छ ।



## आन्तरिक लेखा परीक्षण

आन्तरिक लेखापरीक्षण अन्तरगत पुष महिनामा प्रथम चौमासिक आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरिएको छ । यसैगरी दोस्रो चौमासिक अवधिको मंसिर महिनाको लेखापरीक्षण कार्य पनि सम्पन्न भएको छ । त्यसैगरी दोस्रो चौमासिक अवधिको पुस र माघ महिनाको लेखापरीक्षण कार्य हाल भइरहेको छ ।।

## छायाङ्कन, ध्वनि तथा दृश्य सम्पादन शाखाको सक्रियता

अपरेशन महाशाखाका कर्मचारीहरुको संलग्नतामा २०७७ पुस महिनामा नियमित समाचार तथा कार्यक्रम छायाङ्कन, दृश्य सम्पादन र डबिङ्गका कामहरु सम्पन्न भए । यीनका अतिरिक्त साप्ताहिक कोरोना केयर, दैनिक कोभिड हटलाइन र स्वास्थ्य मन्त्रालयको दैनिक प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारण जस्ता कोभिड–१९ सम्बन्धी कार्यक्रमहरुको निर्माण र प्रसारण अपरेशन महाशाखाको संलग्नतामा भएका छन् । पुष महिनामा महाशाखा अन्तरगत भएगरेका कामहरुलाई निम्नानुसार सूचीकृत गरिएको छ ।

क) स्टुडियो उत्पादनः

१. स्टुडियो ८० ए र बि मा कार्यक्रम, O/C, उत्पादन तथा प्रत्यक्ष प्रसारण – १२७ वटा

२. स्टुडियो ३०० मा कार्यक्रम उत्पादन– ४ वटा

३. डबिङ्ग स्टुडियोमा अडियो डबिङ्ग – ५० वटा

ख) स्टुडियो बाहिर कार्यक्रम छायाङ्कनः ६८ वटा

ग) दृश्य सम्पादनः

१. कार्यक्रको दृश्य सम्पादनः ८७ वटा

२. समाचारको दृश्य सम्पादनः १४५२ वटा

घ) समाचार छायाङ्कनः २०३ वटा


ङ) प्रत्यक्ष प्रसारणः १८ वटा



## कर्मचारी र संस्थान सम्वद्ध काम

संस्थानमा कार्यरत स्थायी कर्मचारीहरुको हित र आवश्यकतालाई ध्यानमा राख्दै विगत देखि नै वितरण हुदै आइरहेको सहसलियतपूर्ण सापटी वितरण प्रक्रिया शुरु गरिएको छ । कर्मचारी कल्याण कोषबाट वितरण हुने सापटी प्रयोजनका लागि निवेदन माग गर्ने काम गरिएको छ । कोष संचालन सम्वन्धी नियमको आधारमा प्राप्त निवेदनहरु मध्येबाट कर्मचारीहरुलाई सापटी वितरण गर्ने प्रकृया शुरु हुने छ ।

यसैगरी संस्थानको अधिकृत पूँजी वृद्दि गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग अनुरोध गरिएको छ । यीनका अलावा भुक्तानी प्रकृया तथा बाँकी बक्यौता असुली प्रकृया महाशाखाको नियमित काम अनर्गत निरन्तर भइरहेको छ ।



## विविध परियोजना र कार्ययोजनाको काम

योजना तथा अन्तर्राष्ट्रिय सम्वन्ध महाशाखा अन्तरगत पुष महिनामा सूचना प्रविधि विभागको साइटमा नेपाल टेलिभिजनले आ.व.२०७७/७८ अन्तर्गत मासिक प्रगति विवरण राख्ने काम सम्पन्न गरिएको छ । यसैगरी भारतीय संस्था प्रसार भारतीसँग Virtual Meeting गरी भावी सहकार्यको योजना बनाइएको छ । प्रसारण संस्थाहरुको सामुहिक संस्था एशियाली प्रसारण युनियन ABU को ABU-GA मा सहभागिता जनाइएको छ ।

वार्षिक कार्ययोजना अन्तर्गतका ३ वटा परियोजनाहरुको सम्झौता सम्पन्न गरिएको छ भने कार्ययोजना बमोजिम वोलपत्र आह्वान, मूल्यांकन कार्यहरु गरिएको छ ।



## मुख्यमन्त्री एनटिभी कोहलपुरमा

लुम्विनी प्रदेशका मुख्यमन्त्री शंकर पोख्रेलले एनटिभी कोहलपुरको निरिक्षण गर्नु भएको छ । निरिक्षण पछि उहाँले नेपाल टेलिभिजनका प्रादेशिक च्यानलहरुले केन्द्रीय राजनीतिक घटना मात्र नभइ स्थानीय विकास, सम्भावनाको खोजी तथा पहिचान र जनता जागरणका विषयहरुलाई बढि प्राथमिकता दिनुपर्ने बताउनुभएको छ । भए गरेका विषय वा घटना देखाउने मात्र नभै भविष्यका सम्भावनाहरु उजागर गर्ने दायित्व एनटिभी कोहलपुरको काँधमा रहेको उहाँको भनाई थियो । एनटिभी कोहलपुरबाट प्रसारण हुने समाचार तथा कार्यक्रमको प्रभावकारिता बढेको बताउदै उहाँले प्रदेशको मौलिक विशेषतालाई बढी प्राथमिकता दिन निर्देशन दिनुभयो । एनटिभी कोहलपुरले स्थानीय सरकारसंग गरेको सहकार्य सकारात्मक प्रयास भएको उहाँको भनाई थियो । त्यस अबसरमा एनटिभी कोहलपुरका प्रमुख निराजन खनालले एनटिभी कोहलपुरले छोटो समयमा हासिल गरेका कार्यप्रगती बारेमा जानकारी गराउनु भएको थियो ।।



## व्यापार अझ बढ्दै

पुष महिनामा मात्रै करीव ५५ लाख रुपैयाको ब्यापारिक सम्झौता सम्पन्न भएको छ । लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयसंग थारु र मगर जातिको विशेष बृतचित्र निर्माणका लागि एनटिभी कोहलपुरले सम्झौता गरेको छ ।





यसैगरी दाङको राप्ती गाँउपालिकासंग समृध्द राप्ती कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सम्झौता सम्पन्न भएको छ । यसैगरी माघी कार्यक्रम प्रत्यक्ष प्रसारणका लागि बाँकेको राप्ती सोनारी गाँउपालिकासंग सम्झौता सम्पन्न भयो । यसबाहेक विज्ञापन एजेन्सी मार्फत् थुप्रै बृत्तचित्रहरु प्रसारण भएका छन् ।।

## नयाँ कार्यक्रम थपिने क्रममा निरन्तरता



पुष महिना देखि ३ वटा नयाँ कार्यक्रमहरु थपिएका छन् । सिक्टा सिचाइ आयोजनासंगको सहकार्यमा मासिक रुपमा सिक्टा सरोकार कार्यक्रम उत्पादन भै प्रसारण हुन थालेको छ । दाङको राप्ती गाँउपालिकासंगको सहकार्यमा मासिक रुपमा समृध्द राप्ती कार्यक्रम उत्पादन भै प्रसारण हुन थालेको छ । यसैगरी एनटिभी कोहलपुरको आन्तरिक कार्यक्रम फूड शो पनि साप्ताहिक रुपमा उत्पादन भै प्रसारण भैरहेको छ । पाककला सम्बन्धी यो कार्यक्रम छोटो समयमै दर्शकमाझ लोकप्रीय हुदै गएको छ ।।

## माघिको महिमा

माघि थारुहरुको सबैभन्दा ठूलो पर्व हो । थाहरुहरुका लागि यो एउटा पर्व मात्रै होइन, नयाँ आर्थिक वर्षको सुरुवात पनि हो । पश्चिम नेपालमा थारुहरुले यो पर्वलाई हर्षोल्लासका साथ भब्य रुपले मनाने गर्दछन् । यस पर्वको अवसरमा विभिन्न कार्यक्रमहरु समेत आयोजना गरिन्छ । यसै क्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलले आयोजना गर्नुभएको माघि मिलन कार्यक्रमको पुष २९ गते मुख्यमन्त्री निवास, बुटवलबाट एनटिभी कोहलपुरले प्रत्यक्ष प्रसारण गरेको छ । यसैगरी बाँकेको राप्ती सोनारी गाँउपालिकाले आयोजना गरेको माघि विशेष कार्यक्रमको पनि दुईपक्षीय सम्झौता अनुसार फिल्ड रेकर्ड गरी प्रसारण गरियो ।।




## बृत्तचित्र र फिलर उत्पादन तथा प्रसारणमा बृध्दि

पुष महिनामा विभिन्न विज्ञापन एजेन्सी मार्फत् आएका कोभिड(१८ सम्बन्धी जनचेतनामूलक बृत्तचित्रहरु प्रसारण भएका छन् भने बर्दियाको सत्खलुवा ताल, सुर्खेतको बुलबुले ताल र सुर्खेतको काक्रेबिहार जस्ता प्राकृतिक एवं धार्मिक स्थलहरुको फिलर उत्पादन गरी प्रसारण सुरु गरिएको छ ।।

## स्थानीय सरकारसँग सहकार्य

एनटिभी इटहरी च्यानलले स्थानीय तहहरुसँग कार्यक्रमहरु उत्पादन र प्रसारण गर्ने कार्यमा तिव्रता ल्याएको छ । पुष महिनामा यसै क्रममा हाम्रो धरान, हाम्रो दुहबी र हाम्रो इटहरी कार्यक्रमको सम्झौता गरी उत्पादन र प्रसारण शुरु गरेको छ । यी नगरहरुको विकास निर्माण, सांस्कृतिक गतिविधी, जनताका आवाज र चाहना आदिलाई समेटेर नगर र नगरबासीबीच पुलको काम गर्ने कार्यमा यी कार्यक्रम कोशेढुंगा हुने अपेक्षा गरिएको छ ।



## सहकार्यमा सम्झौता र सहमती

प्रदेश नं.१, आर्थिक मामिला तथा योजना मन्त्रालयसँग आर्थिक बहस नामक मेगा टक शो कार्यक्रम उत्पादन र प्रसारणका लागि सहकार्य सम्झौता सम्पन्न भएको छ ।



## राम जानकी विवाहका अवसरमा सिता भजन उत्पादन

राम जानकी विवाहको अवसरमा यसको साँस्कृतिक, सामाजिक र धार्मिक पक्षहरुको वैज्ञानिक व्याख्या गर्न विशेष परिसम्वाद उत्पादन र प्रसारण गरियो । त्यसै गरी सीता भजन पनि उत्पादन र प्रसारण गरियो । प्रदेश नम्बर २ का जनकपुरधाम, वीरगंज र छिन्नमस्ता भगवती सम्बन्धी प्रवद्र्धनात्मक फिलरहरु उत्पादन तथा प्रसारण गरियो ।

## प्रत्यक्ष प्रसारण

प्रदेश नं. २ को गोलबजारबाट  पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको प्रत्यक्ष प्रसारण गरियो ।

